# आर्थिक वर्ष २०८०/०८१ को
# नीति कार्यक्रम तथा बजेट वक्तव्य

## बटेश्वरगाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा

मधेशप्रदेश, नेपाल

***बटेश्वरगाउँपालिकाको***
***१० औंनीति तथा कार्यक्रम***
***बटेश्वरगाउँपालिका उपाध्यक्षश्री फुल कुमारी सिंहज्यू बाट प्रस्तुत***
***आ.ब. २०८०।०८१को लागि प्रस्तुत नीति तथा कार्यक्रम***

*प्रस्तुत तथा पारित मिति २०८०।०३।१०गते*

**बटेश्वर गाउँपालिकाको सम्मानित १० औं नीति तथा कार्यक्रम** तथा वजेट **प्रस्तुति करण उद्घाटन समारोहमा पाल्नुभएका,**

सभा अध्यक्ष श्री राम अशिष महतो ज्यू

प्रमुख अतिथी जिल्ला समन्वय समिति प्रमुख श्री राज नन्दन मण्डल ज्यू

विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री काशि राज दहाल ज्यू,

विशिष्ट अतिथि प्रहरी उपरीक्षक श्री विश्वराज खडका ज्यू,

विशिष्ट अतिथि ने.का. प्रदेश सदस्य श्री बासुलाल महतो ज्यू

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

विभिन्न पाटीका सभापति तथा अध्यक्ष ज्यूहरु,

वडाअध्यक्षज्यूहरु,

कार्यपालिका सदस्यज्यूहरु,

वडा सदस्यज्यूहरु,

बटेश्वरगाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु,

सर्वप्रथम सम्मानित १० औंनीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोह समक्ष आ.ब. २०८०।०८१ को वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरु माझ उभिइ रहँदा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन आहूती गर्ने ती महान ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । जनआन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा घाइते भएका, वेपता पारिएका लगायतकायोद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस गरिमामय सभामा उपस्थित यस बटेश्वर गाउँपालिकाको अध्यक्षज्य, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्यज्यूहरु, बटेश्वर गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु लगायत सबै महानुभावहरुलाई गाउँपालिकाको तर्फवाट हार्दिक सम्मान एवं स्वागत गर्न चाहन्छु ।

जनताका सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको, स्थानीय स्तरका जनताको अधिकत्तम हितलाई सम्बोधन गर्दै स्थानीय प्रजातन्त्रको सुदृढीकरण गर्ने, लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण, समावेशीकरण मार्फत मुल प्रवाहीकरण गर्ने, स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको लक्ष्य

तथा चुनौती दुवै हो । वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमुलक संस्थाहरु हुन् । आपसी सहयोग, सहमति, सद्भाव र सहकार्यका माध्यमबाट गाउँपालिकाका विविध गतिविधि सञ्चालन गर्ने निर्दिष्ट नीति अनुरुप गाउँपालिका स्थित सभा सदस्यहरुबाट निरन्तर रुपमा प्राप्त सल्लाह, सुझाव, मार्गदर्शन र सहयोग प्रति म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित समारोह समक्ष व्यक्त गर्न चाहन्छु ।

सहभागितामूलक योजना तर्जुमा पद्धती अर्न्तगत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्यांङ्कन समेतका हरेक प्रकृया तथा तहमा सरोकारावाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडास्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत समिति एवं एकिकृत योजना तर्जुमा गोष्ठीमा सम्बद्ध सबै सँग प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०८०/०८१को नितिहरुयहाँहरु समक्षप्रस्तुत गर्न उपस्थित भएको छु ।

**उपस्थित महानुभावहरु** :

अव म आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका नीतिगत मार्गदर्शनको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

अगामी आर्थिक वर्षको बजेट तर्जूमा गर्दा नेपालको संबिधानमा उल्लेखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, निति तथा बजेट संघीय सरकारको निति तथा कार्यक्रम प्रदेश सरकारको निति तथा कार्यक्रम पूर्व बजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु पन्धौ आवधिक योजना, विनियोजन विधेयक, गाउँ सभा सदस्यहरुबाट प्राप्त सुझावहरु तथा आ.व. २०८०।०८१को बजेट बक्तव्यमा उल्लेखित महत्व पूर्ण कार्यक्रमहरुलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु । साथै यो अधिवेशन अवधिभर सभा सदस्यज्यूहरुबाट समय समयमा छलफलबाट प्राप्त हुने सर सल्लाह एवं सुझावहरु समेत निति तथा कार्यक्रममा समावेश गर्नेछु भनी प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

## बटेश्वर गाउँपालिकाले अवलम्बन गरेका नितिहरु

## क) आर्थिक विकास सम्बन्धि नीतिहरुः

### १. कृषि तथा पशु विकास सम्बन्धि नीतिहरुः

१.१. निर्वाहमुखी खेती प्रणालीलाई जिविकोपार्जनको माध्यमको रुपमा विकास गर्न कृषिको आधुनिकीकरण गरिनेछ ।

१.२. कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै धान, गहुँ, र मौसमीतथा बेमौसमी तरकारी उत्पादन बृद्धिमा जोड दिइनेछ ।

१.३. कृषक समुह, कृषि सहकारिताको माध्यमबाट व्यवसायिक कृषि उत्पादकत्व वृद्धि गर्न माछापालनलाई प्रोत्साहीत गरिनेछ ।

१.४. पशु विमाको प्रवर्द्धन गरि ब्यवसायीक पशुपालन तर्फ प्रोत्साहन गरिनेछ ।

१.५ बटेश्वर गाउँपालिकाको सबै वडाहरुको कृषियोग्य जमिनलाई सिन्चित गर्न खेत खेतमा सिचाइको व्यवस्थापन गर्न इनार तथा बोरिङ्ग जडानको व्यवस्था मिलाइनेछ ।

१.६ कृषकहरुका लागि अनुदानमा कृषि उत्पादन सामग्री जस्तै तरकारी मिनी किट,स्प्रेयर, हार्वेकिट व्याग जस्ता कृषी उपकरण वितरण नीति अवलम्बन गरिनेछ ।

१.७ सिचाई, कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्र, कृषि जन्य लघु उद्योग एवम बजारीकरणलाई एकिकृत रुपमा विकासगर्दै लगिनेछ ।

१.८ तरकारी,फलफुल तथा नगदे बालीमा कृषकहरुलाइ आकर्षित गरी उन्नत प्रविधि अबलम्बन मार्फत उृत्पादन र उत्पादकत्व बृद्धि गर्न ध्यान दिइनेछ ।

१.९ गाउँपालिकाक्षेत्र भित्रका एग्रोभेटको पहलमा हानीकारक विषादी विक्रि वितरणमा रोक लगाइनेछ ।

१.१० गाउँस्तरीय कृषि विकास समिति गठन गरि कृषि तथा पशु संग सम्बन्धित सम्पूर्णकार्यक्रमहरु संचालनमा एकरुपता ल्याईने छ । सिमान्कृत समुदायहरुलाई लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.११ गाउँपालिका क्षेत्रभित्र कृषि उपज आकाशे पानीको भरमा सिंचाई भइरहेको अवस्थालाई न्यनीकरण गर्न प्रत्येक वडामा कृषि विद्युतीकरण गरी कृषि उपजमा बृद्धि गराई कृषकहरुलाई अत्मनिर्भर बनाउनको लागि कृषि विद्युतीकरणलाई प्राथमिकता दिइनेछ ।

१.१२ कृषि सडक र कृषि विधुतिकरणमा जोड दिइनेछ ।

१.१३ कृषि उपज केन्द्र संकलन केन्द्र स्थापना गरिनेछ ।

१.१४ पशु खोप कार्यक्रम,व्यावसायिक पशु फार्म प्रवर्द्धन कार्यक्रम( गाई,भैंसी।बाखा,कुखुरा)मा जोड दिइनेछ ।

१.१५ नश्ल सुधारका लागि कृत्रिम गर्भधारण तथा पशु आहार श्रोत केन्द्र स्थापना गरी हिउँदे,बर्षे घाँस उत्पादनमा जोड दिइनेछ ।

१.१६ कृषक पाठशाला सञ्चालन कार्यलाइ निरन्तरता दिँदै पशुपालन सम्बन्धि आधारभुत व्यवसायिक तालिम सञ्चालन गरिनेछ ।

१.१७ दुध संकलन केन्द्र स्थापना गरिनेछ ।

१.१८ पशुधन क्षति न्यूनिकरणका लागि रोग नियन्त्रण खोप कार्यक्रम तथा पशु सिविर सञ्चालनका लागि जोड दिइनेछ ।

१.१९ प्रत्येक वडामा पशु सेवा उपकेन्द्रहरु सञ्चालन गरिनेछ ।

## २. उद्योग तथा वाणिज्य नीतिः

२.१. परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमकोमाध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।

२.२. आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुऱ्याइनेछ ।

२.३. बटेश्वर बजारलाई यस गाउँपालिकाको नमूना बजारको रुपमा विकास गरिनेछ ।

२.४. यस गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउन विशेषअभियान संचालन गरिनेछ ।

२.५ गाउँपालिका क्षेत्रमा संचालित उद्योग एवं ब्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।

२.६ बजार माँगमा आधारित स्वरोजगार श्रृजना हुने उद्योग सञ्चालनलाई प्रोत्साहन गर्न बजार केन्द्रहरुमा लघु उद्यम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ३. पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति

३.१. यस गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा सास्कृतीक क्षेत्रहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

३.२. गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।

३.३ धार्मिक सांस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

३.४ मैथिली रितीरिवाज झल्कीने सास्कृतिक कार्यक्रमहरु मेला, झण्डा मेला,दाहा मेला (मोहर्रम),झिझियानाच, जट जटनी नाच, डोम कक्ष नाच,तिज,लहोसार,समाचेकवा मिथिला चित्रकला लागायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्बद्धनको निम्ती सार्वजनिक र निजी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।

३.५ यस गाउँपालिकाभित्र रहेका महादेव स्थान,कार्तिक कुमर,धनुष मन्दिर शान्तिपुर,लवकुश मन्दिर चित्रपुर लगायतका विभिन्न ऐतिहासिक साँस्कृतिक एंव धार्मिक महत्वका क्षेत्रको विकासमा जाृड दिइनुका साथै पर्यटकीय स्थल घोषणा गराउन जोड दिइनेछ ।

## ४. सहकारी नीतिः

४.१. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरिनेछ ।

४.२. कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

४.३. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शी तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।

## ख) पुर्वाधार विकास नीतिः

१. गाउँपालिका क्षेत्रको सडक तथा स साना पुलहरुको निर्माण गर्ने नीतिहरु अंगिकार गर्नेछ।

२. गाउँपालिकाका विभिन्न वडाहरुबाट गाउँपालिका केन्द्र जोड्ने सडकहरुको स्तरोन्नती गर्नेछ ।

३. सडकहरुको नियमित मर्मत संभारका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत गरिनेछ ।

४. गाउँपालिकामा रहेको खाली मैदानमा एक गाउँपालिका स्तरीय रंगशाला निर्माण भएको रप्रत्येक वडामा खेलदान तथा अन्य खेलकुदसंग सम्बन्धित निर्माण कार्य गर्न अध्ययन गरिनेछ ।

५ यस गाउँपालिका क्षेत्र भित्र रहेका सडक संजालहरुलाई एकिकृत गरी सडक गुरु योजना अनुसार क्रमिक रुपमा विकास गर्दै लैजानेछ।

**६. गाउँ क्षेत्र भित्र सिँचाईको विकासका लागि निम्न नीति अंगीकार गरिनेछः**

.सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाउनेछ।

**७ भवन तथा शहरी विकास नीतिः**

७.१. भवन निर्माण गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।

७.२. गाउँपालिका भित्र निर्माण हुने संरचना पुर्णरुपमा भुकम्प प्रतिरोधात्मक बनाउनको लागि घर नक्सा पास गर्ने नीति अवलम्न गरिनेछ।

७.३. गा.पा. प्रशासकीय भवन भुइतल्ला, पहिलो तल्ला निर्माण गरी सेवा प्रवाह गरिनेछ र दोस्ो तल्लाका लगि बजेट व्यवस्थापन गरिनेछ ।

७.४. गाउँपालिकाका विभिन्न स्थानहरुमा CHILDREN PARK आदि प्राथमिकताको आधारमा अध्ययन गरी निर्माण शुरु गरिनेछ ।

७.६. गाउँपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, पोखरी लगायतका सम्पत्तिहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरिनेछ ।

७.७ गाउँपालिका भित्र हुने विकास निर्माणका योजनाहरुको आवश्यकताअनुसार DPR गरी विकास निर्माणका कार्यहरु अगाडि बढाइनेछ ।

७.८ सडकसम्बन्धि पूर्वाधार योजना सञ्चालन गर्दा बार्षिक गाँउ विकास योजना सडक गुरुयोजनाको आधारमा संचालन,मर्मत एमं स्तरोन्नति गरिनेछ ।

७९ वडा कार्यालय भवन नभएको वडाहरुमा वडाकार्यालय भवन बनाउन आवश्यक पहल गरिनेछ।

७.१० बस्ती विकास,शहरी योजना तथा भवन निर्माण सम्बन्धी अधारभुत माग दर्शन २०७२ निति अवलम्बन गरिनेछ।

८. **उर्जा, तथा वैकल्पिक उर्जा तथा संचारको विकास एवम् प्रवद्धनमा जोड दिदै निम्न कार्यहरुगरिनेछ :**

८.१ गाउँपालिकाका सडक तथा बजार क्षेत्रमा जनसहभागितामा आधारित सौर्य बत्ति जडान गर्न प्राथमिकता दिइनेछ ।

८.२ गाउँपालिकाका क्षेत्रहरुमा टेलिफोन/मोवाईल/ईन्टरनेट सेवा विस्तार गर्न सम्बन्धित संस्थाहरुमा पहल गरिनेछ ।

८.३ गाउँपालिका बजार क्षेत्रमा Free WIFI zone संचालनमा ल्याइनेछ ।

९. **जनसहभागिताबाट निर्मित योजनाहरु दिगो हुने तथा यस्ता योजनाहरुमा जनताको अपनत्व भै संचालन एवम रेखदेख जनताबाटै स्वतःस्फूर्त रुपमा हुने हामी सबैको अनुभव छ । तसर्थ भौतिक पुर्वाधार सम्बन्धि योजनाहरु संचालन गर्दा कम्तिमा १० प्रतिशत अनिवार्य रुपमा जनसहभागिता प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।**

## ग) सामाजिक विकास नीतिहरुः

### १. शिक्षा विकास सम्बन्धि नीतिहरुः

१.१. गाउँपालिका क्षेत्रमा संचालित विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा सहजिकरण, समन्वय एवम् नियमन कार्य गाउँपालिकाको नीति निर्देशनमागाउँ शिक्षा समितिले गर्नेछ ।

१.२. अध्यनरत विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा नियमित रुपमा शिक्षकको दरबन्दि मिलान गर्दै विद्यार्थीःशिक्षक अनुपात कम भएको विद्यालयबाट उक्त अनुपातमा बढि भएको विद्यालयमा शिक्षकलाई कामकाजमा खटाउने र कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा समाहित गरिनेछ ।

१.३. बाल विकास केन्द्रहरुलाई सुव्यवस्थित ढंगले संचालन गरी बाल विकास केन्द्र मार्फत कक्षा १ मा भर्ना हुने दरमा बुद्धि गरिनेछ । साथै बाल संरक्षक तथा महिला हिंसा विरुद्धको निति बनाई कार्यक्रमहरु संचालन गरिने छ ।

१.४. हाल संचालनमा रहेका बाल विकास केन्दहरुलाई नमुना बाल विकास केन्द्रको रुपमा विकास गर्ने कार्यप्रारम्भ गरिनेछ ।

१.५. आधारभुत तह देखी नै अंग्रेजी भाषा, कम्प्युटर शिक्षा तथा विभिन्न Extra Curricular Activities मा जोड दिइनेछ । सोका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

१.६. सामुदायिक शिक्षालयको गुणस्तर सुधारका निमित्त अभिभावक शिक्षा तथा शैक्षिक जागरण अभियान सञ्चालन गरिनेछ ।

१.७. विद्यार्थीको अन्तर्निहित विशिष्ट प्रतिभाको पहिचान र प्रस्फुटन गराउने उद्देश्यका साथ प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ

१.८. नीजि क्षेत्रहरुबाट संचालित वालविकास (MONTESSORY),विद्यालय तथा ट्युशन/कोचिङ सेन्टरलाई पालिकाको दायराभित्र ल्याई सुव्यवस्थित गर्दै लगिनेछ ।

१.९ विद्यालयको सम्पती सुरक्षा गर्न आवश्यक व्यवस्था गरिनेछ।

१.१० विद्यालयको पठन पाठनमा सुधार तथा सिकाई उपलब्धी वढाउन प्रत्येक विद्यालयमा गठनभएको बाल क्लवलाई सक्रियगराईनेछ।

१.११ निरन्तर विद्यार्थी मुल्यांकन प्रक्रियालाई कडाइको साथ अनिर्वाय रुपमा लागु गरिने छ।

१.१२ दिगो र अर्थपुर्ण सिकाइको लागि पठन पाठन उदेश्य अनुसारको शैक्षिक सामग्रीको प्रयोग गर्न लगाउने कार्य गरिनेछ।

१.१३ विद्यालय सुधार योजना र बार्षिक कार्य योजना तयार गरेको आधारमा मात्र अन्तिम निकासा दिइनेछ।

१.१४ विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा समीति गठन गर्न आवश्यक पहल गरिनेछ तथा समिति गठन नभएको विद्यालयहरुमा आवश्यक कार्यविधि बनाई गाउँपालिकाबाट अस्थायी समिति गठन गरी विद्यालय सञ्चालन व्यवस्थापन गरिनेछ।

१.१५ शिक्षक र विद्यार्थीहरुको नियमित उपस्थीतीको लागी समय समयमा अनुगमन गरिनेछ।

१.१६आधारभुत तह उत्तीर्ण परीक्षा (कक्षा ८ ) को परीक्षालाई व्यवस्थित गर्दै परीक्षामा सबैभन्दा बढी उतीर्ण गराउने विद्यालयलाई सम्मान गर्ने परिपाटीको अवलम्वन गरिनेछ ।यस गाउँपालिका अन्तर्गत संचालित रहेका विद्यालयहरुमा अध्ययनरतविद्यार्थीहरुलाई प्रोत्साहन गर्न SEE परिक्षामा A+ वा A Grade ल्याएका विद्यार्थीहरु मध्ये प्रत्येक विद्यालयबाट एक एक जना विद्यार्थीलाई गाउँ पालिकाले तोकेको विद्यालयमा कक्षा ११ र १२ मा निशुल्क अध्ययन गराइनेछ।

१.१७प्र.अ.,शिक्षक तथा बालविकास सहजकर्तालाई अध्ययन र अवलोकन भ्रमणमाजोड दिइनेछ ।

१.१८बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुको लागि छुट्टै पोशाकको व्यवस्था मिलाईने छ ।

१.१९ विद्यालय र समुदाय केन्द्रित मानव अधिकार शिक्षा कार्यक्रम संचालन गरिनेछ।जस अनतरगत मानव अधिकारका विषयहरु मध्ये शिक्षा,स्वास्थ्य,वातावरण र विभेद विरुद्ध अधिकारका सन्दर्भमा जनचेतना

मूलक कार्यक्रम र अभियान संचालन गरिनेछ। बालिका तथा समावेशी शिक्षा सञ्जालाई प्रभावकारी बनाइदै समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२० गाउँपालिका भित्र Bachelor पास गरी विवाह गर्ने छोरीलाई विवाह पश्चातन आवश्यक प्रकर्या पुर्याई पुरस्कारको रुपमा एकमुष्ठ रु २५०००।— (पचिस हजार मात्र) प्रदान गरिने व्यवस्था मिलाईनेछ।

१.२१ शिक्षक संख्या कम भएका विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था मिलाउन जोड दिइनेछ।

१.२२ साक्षर गाउँपलिका घोषणाका लागि आवश्यक पहल गरिनेछ ।

## २. स्वास्थ्य नीतिः

२.१. **स्वस्थ्य गाउँपालिकाबासी:स्वस्थ्य गाउँपालिका** भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा गाउँपालिका क्रियाशिल रहनेछ ।

२.२. नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई यस गाउँपालिकाका गाउँवासीहरुको पुर्ण सहभागिताका लागि प्रोत्साहन गरी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

२.३. नेपाल सरकार स्वास्थ्य मन्त्रालयले प्रकाशित गरेको खोप तालिका बामोजिम सबै वालवालिकाको लागि खोपको सुनिश्चितता गर्न विशेष व्यवस्था गरिनेछ ।

२.४. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।

२.५. आयुर्वेद तथा पारम्पारिक चिकिस्ता प्रणालीको विकासलाई प्रोत्साहन गर्नेछ ।

२.६. गाउपालिकाको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यक्रमलाई सशक्त ढंगले कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

२.७. बटेश्वर गाउँपालिका बासीलाई रगत आवश्यक परे रेडक्रस सोसाईटीको समन्वय गरी रगत उपलब्ध गराउन पहल गरिनुका साथै समय समयमा रक्तदान कार्यक्रम सचालन गरिनेछ ।

२.८. गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयंम सेविकाको भुमिकाको उच्च मुल्याङ्कन गर्दै महिला स्वमं सेविकाहरु निम्ती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ तथा गाउँपालकिाको आन्तरिक श्रोत र उपलब्ध अनुमानको परिधि भित्र रहने गरी यस गा.पा.का महिला स्वास्थ्य स्वयंसेविका निजले गरेको योगदान बापत प्रति महिना रु.१५००।-(एक हजारपाँच सय मात्र) खाजा खर्च मात्र व्यवस्थापन गरिएको छ ।

२.९. आधारभुत सेवा जनताको मोलिक हकको रुपमा रहेकोले स्वास्थ्य चौकी तथा आयुर्वेद औषधालयबाट नि:शुल्क प्रदान हुँदै आएको प्राथमिक तथा आधारभुत सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

२.१०. गाउपालिकामा १० शैयाको अस्पताल निर्माणको काम यसै आ.व.मा सम्पन्न गरी सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

२.११ प्रयोगशालालाई सुदृढिकरण गर्दै सेवा विस्तारमा जोड दिइनेछ । बटेश्वर प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवा विस्तार गर्दै थप १ जना ल्याब असिष्टेन्टको व्यवस्था भई सेवा सुचारु रहेको र प्रयोगशालालाई भौतिक सुविधा सम्पन्न बनाइनेछ ।

२.१२ मातृ तथा नवजात शिशु स्वास्थ्य तथा वाल स्वास्थ्यमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिनेछ । सम्पूर्ण स्वास्थ्य संस्थामा सप्रभावकारी किशोर किशोरी स्वास्थ्य सेवाको उपलब्धता र सुनिश्चितताका लागी विभिन्न कार्यक्रमसंचालन गरिनेछ ।

२.१३ एम्बुलेन्स सेवा प्रवाहलाई व्यवस्थित गर्दै पालिकाभित्रका जनतालाई  सहुलियतमा सेवा प्रदान तथा गर्भवती महिलालाइृ विशेष सहुलियत सेवा प्रदान गरिनेछ ।

२.१४ मासिक रुपमा गर्भवति महिलाहरुको स्वाथ्य परिक्षण गर्न आमा समूहलाइ सक्रिय बनाइनेछ । तथा गर्भवती जाँचका लागि नि:शुल्क भिडियो एक्सरे सेवा संचालन गर्न व्यवस्था मिलाइनेछ ।

२.१५ **पोषण :**मातृशिशु तथा बाल्यकालिन पोषणमा सुधार ल्याउन विभिन्न स्थानमा ( विभिन्न कार्यालयहरु, स्वास्थ्य संस्था, बसपार्क)स्तनपान कक्षको निर्माण, स्वास्थ्य संस्था, विद्यालयहरुमा पोषण कर्नरको स्थापना, स्थानिय स्तरमा पोषणयुक्त पिठो ( सर्वोत्तमपिठो) तयार गरि १००० दिनका आमाहरुलाइ वितरण गर्ने तथा उपभोग गर्ने वारे सचेतिकरण गर्ने ।

२ १६जेष्ठ नागरिकहरुका निम्ति स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

## ३. खानेपानी, सरसफाई स्वच्छता:

३.१. सबै गाउँबासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

३.२. गाउँपालिका बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय बनाउने कार्यको निरन्तरता दिइनेछ ।

३.३ प्रदेशबाट सञ्चालित मुख्य मन्त्री स्वच्छता अभियान र यस पालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाइ र स्वच्छताकार्यकमलाई साझा अभियानको रुपमा विकास गरी ब्यक्तिहरुको स्वास्थ्य, मान, प्रतिष्ठा र इज्जतको सवालसंग जोडी कमलागतमा बढी नतिजा आउने कार्यकम सञ्चालन गर्ने । यसका लागि पालिकाको १० वर्षीय खानेपानी, सरसफाइ र स्वच्छतायोजना (WASH Plan) तयार गरी सबै सरोकारवालाहरु र विकास साझेदार संस्थाहरुलाई यसै योजनाको लक्ष्य पूरा गर्न एकद्वार प्रणालीबाट कार्यकम सञ्चालन गरिनेछ ।

३.४ स्वच्छ एवं आधारभुत एवम् गुण्स्तरीय खानेपानीको आपूर्तिलाई व्यवसथितगर्न खानेपानी योजनाहरुको दिगो संरक्षण एवम् निर्माधिन योजनालाई समयमै सम्पन्न गर्ने योजना मिलाइनेछ ।

**४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण:**

४.१. गाउँपालिकाबाट प्रदान गरिने सामाजिक तथा आर्थिक अवश्रहरुमा महिलाहरुको सम्मानजनक सहभागिता सुनिश्चत गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।

४.२. जेष्ठ नागरिकहरुको सम्मानको लागि सरोकारबालाहरको संयोजनमा **जेष्ठ नागरिक स्वास्थ्य शिविरतथा योग शिविर** तथा **जेष्ठ नागरिक सम्मान** जस्ता प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

४.३. महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्यकालागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

४.४. विपन्न र सामाजिक रुपमा जोखिममा रहेका गाउँवासी, कृषक, श्रमिक र पिछडा वर्गको उत्थानका निम्ती पहल गरिनेछ ।

४.५ जेष्ठ नागरिक दिर्घ सेवा सम्मान कार्यक्रम संचालन गरी हरेक वर्ष गाउँपालिका पूरुष एक र महिला एक गरी जम्मा २ जनालाई सम्मान गरिनेछ ।

४.६ महिला, दलित, विधुवा, विपन्न, मुस्लिम, असहाय, बालबालिकाका निम्ति आर्थिक, सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४.७अपाङ्गका निमित्त विभिन्न रोजगारमुलका,सिप मुलक कार्यक्रमहरु संचालन गरिनेछ।

## घ) वातावरण तथा विपत व्यवस्थापन नीतिः

**१. वन तथा भु-संरक्षण नीतिः**

१.१. वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

१.२. गाउँपालिका क्षेत्र भित्र नदी किनार, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।

१.३. गाउँपालिका क्षेत्रमा रहेका पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यबस्थापन गर्दै तीनिहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

१.४ नदि क्षेत्रहरुको संरक्षण गर्न तटबन्ध निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१.५ यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकारसंग समन्वय गरी गाउपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

**२. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीतिः**

२.१. विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्रि र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ ।

२.२ जैविक विषादीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रसायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ ।

२.३ जलवायु परिवर्तनसम्बन्धि विभिन्न सरकारी तथा गैर सकारी संस्थाहरुसँग सहकार्य गरी विभिन्न कार्यक्रहरु सञ्चालन गरिनेछ ।

**३. फोहोरमैला व्यवस्थापन नीतिः**

३.१. गाउँक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।

३.२. फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ ।

३.३. फोहर ब्यवस्थापनका सम्बन्धमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ

३.४ फोहोर मैला व्यवस्थापनका निम्ति ट्रलीसहितको ट्रेकटर १ थान सञ्चालनमा ल्याइनेछ तथा सरसफाइ कर्मचारीहरुको व्यवस्थापन गरिनेछ ।

**४. विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीतिः**

४.१. भुकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर तथा हैजा,वर्डफ्ल्यु, डेंगु, जस्ता महामारी बाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपतव्यवस्थापन पुर्व तयारी योजना र विपत प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

४.२. विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सृजना हुन रोक लगाइनेछ ।

४.३. स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४.४. विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यवस्थापन कोष खडा गरिनेछ|

४.५ मानव अधिकार सहायता कक्ष स्थापना गरिनेछ।

## ङ) वित्तिय व्यवस्थापन र सुशासन, न्याय सम्पादन नीतिः

१.१ वित्तिय अनुशासन कायम राख्न तथा वित्तिय जोखिम न्यूनीकरण गर्न निम्न नीतिहरु अंगीकारगर्नेः

१.२ सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने ।

१.३ खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाउँपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।

१.४ उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था लाई कडाईका साथ लागु गरिनेछ ।

१.५ वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरणगरिनेछ ।

**२. राजश्व परिचालन सम्बन्धमा निम्न नीतिहरु अंगिकार गरिनेछः**

२.१. करको दायरा बढाइनेछ ।

२.२. कर तिर्न सबै करदातालाई प्रेरित गर्ने ।

२.३. एक जना उत्कृष्ट करदातालाई सम्मान गर्ने ।

२.४. कर प्रशासन लाई चुस्त, दुस्त बनाउने ।

२.५ अधिक्तम जन्तालाई सो र्स्फुतरुपमा करको दायरा भित्र ल्याउन उप्यूत्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ ।

**३. आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः**

३.१. कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा बेरुजु कराईका साथ फछ्यौट गर्न आवश्यक पहल गरिनेछ ।

**४. सुचना तथा सञ्चार व्यवस्थापन नीतिः**

४.१. नागरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरेबमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियमअनुसार प्रदान गरिने छ ।

४.२. गाउँपालिकाको वेवसाईट लाई रिडिजाईन गरि एक्ट्रेक्टिभ बनाईनेछ ; फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालकोसमेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ ।

४.३. छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्था गरिनेछ ।

५.५ गा.पा.कार्यालय र अन्तर्गतका निकायहरुमा सुरक्षा दृष्टीकोणले CCTV सुशासन कायम गर्न Digital हाजिरीको व्यवस्था पालिका अर्न्तगतका कार्यालयहरुमा यसै आ.ब.मा सो कार्यलाई निरन्तरता दिइनेछ ।

५.६ सूचना सूचित तथा व्यवस्थित गर्न नागरिक वडा पत्र र डिजिटल डिस्प्ले बोर्डको व्यवस्था गाउँपालिकामा गरिनेछ ।

५.७ गाउँ पालिकाभित्र सुविधा सम्पन्न ICT तालिम कक्षको व्यवस्था गरिनेछ ।

५.८ गाउँपालिकालाई सूनाप्रविधिमैत्रि बनाउन Software जडान गरी प्रयोगमा ल्याइनेछ ।

५ ९राष्ट्रिय परिचय प्रत्र आ.व.२०८० /०८१ मा गाउँपालिकाबाट नै अनलाईन गरिनेछ।

**५. न्याय सम्पादन नीतिः**

५.१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गर्नेछ ।

५.२. स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा १ महिला सदस्य र १ खुला सदस्य सहितको ३ सदस्यीय स्थानीय मेलमिलाप समिति गठन गर्ने ।

५.३. स्थानीय सामुदायिक मेलमिलाप केन्द्रका सदस्यलाई समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण/तालिम प्रदान गर्ने ।

५.४. गाउँपालिका तथा न्यायीक समितिलाई कानुनी सल्लाह प्रदान तथा गाउँपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार नियुक्ती गर्ने ।

## च ) सार्वजनिक सेवा तथा क्षमता विकास नीतिहरु

१. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

२. सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाउँबासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउकार्यपालिकाको कार्यालय,सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा first come first service का आधारमा सेवा प्रदान गर्नेछ ।

३. गाउँपालिकाका वडा कार्यालय लगायत विभिन्न निकायहरुमा ई हाजिरी प्रणाली लाई व्यवस्थित गरिनेछ।

४. सेवा प्रवाह तथा कार्यसम्पादनमा गुणात्मक सुधार गर्न विधुतिय शासन प्रणाली लाई क्रमश लागू गर्दै जाने ।यसै वर्ष वडाकार्यालयहरुमा cctv, solar back up तथा Internet सेवा जडान गरी गाउँपालिका केन्द्रसँग networking गर्ने कार्यको थालनी गर्ने ।

५. कर्मचारीहरुको वृति  विकासका लागि आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

६. कर्मचारी कल्याण कोषमा वार्षिक ५ लाख रकम जम्मा गर्नेछ ।

७. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवभारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रम गर्नेछ ।

८. गाउँपालिकाका काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न आवश्यकता अनुसार प्रत्येक वडामा कम्प्युटर अपरेटर कर्मचारी, प्राविधिक, कानून व्यवसायी, अमिन, सरससफाई कर्मचारी, गाउँ प्रहरीहरु तथा श्रेणीविहित कर्मचारीहरु करार तथा ज्यालादारीमा नियुक्त गरिनेछ रकार्यरत कर्मचारीलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

माथि उल्लेखित विषयगत नीतिहरुको सफल कार्यान्वयन गर्न हाल सम्म प्राप्त तथ्यांक अनुसार संघीय सरकारबाट वितीय समानिकरण अनुदान ९ करोड ११ लाख तथा राजश्व बाडफाँडबाट ६ करोड ७० लाख७२ हजार ४ सय**जम्मा १५ करोड ८१लख७२ हजार ४ सय,**त्यस्तै शर्शत अनुदान १३ **करोड २५ लाख** त्यस्तै **प्रदेश सरकारबाट** वित्तिय समानिकरण अनुदान ६३ लाख ८६ हजार, सवारी साधन कर ३५ लाख जम्मा ९८ लाख ८६ हजारशर्शत अनुदान **१ करोड, विशेष अनुदान** ३० लाख, **सम्पुरक अनुदान** २० **लाख** गरी जम्मा **५०** लाख, **आन्तरिक आम्दानी रु १ करोड ३६ लाख** र गत वर्षको अल्या रु२ करोड जम्मा**कुल३७करोड२ लाख ८ हजार ४ सय रुपैया मात्र** गरेको छ।

यस बाहेक विभिन्न कार्यक्रमबाट प्राप्त हुने बजेट, अनुदान तथा अन्य आय प्राप्त भएवमोजिम निर्देशनानुसार नै खर्च लेखिनेछ।

**प्रमुख अतिथी, विशिष्ट अतिथीज्यूहरु एवं उपस्थित महानुभावहरु :**

गाउँपालिकाको सन्तुलित एवं समावेशी विकास हाम्रो चाहाना पनि हो र साध्य हो। कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सवै पक्षहरुलाई विशेष ध्यान दिईएको छ। जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु। योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म विश्वस्त छु।

फुल कुमारी सिंह
**गाउँपालिकाउपाध्यक्ष**
बटेश्वरगाउँपालिका
प्रस्तुत तथा पारित मिति
२०८०सालअसार १० गते शुक्रवार।